
# त्रिमूल नेपालको चुनावी घोषणा-पत्र

त्रिमूल नेपालको युगान्तकारी आह्वान !

राष्ट्रिय प्रतिरोधका लागि "ओदान" मा मतदान !

देशभक्ति र देशद्रोही प्रवृत्तिका बीचको कित्ताकाट !

दलाल व्यवस्थाको अन्त्य संकटको एक मात्र निकास !



**चुनाव चिन्ह**

**जसले देशको जग बदल्न चाहन्छन्, तिनिहरुको सुरक्षित पाल !**

**अपहरण गरिएको "नोभोट"को प्रतिनिधि त्रिमुल नेपाल !**

त्रिमूल नेपालले यस पटकको प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक। ध्रुविकरणका लागि सहभागिता देखाउने निर्णय गरेको छ । हाम्रो सहभागिता यो दलाल व्यवस्थाभित्र देश र नागरिकहरुका पक्षमा कुनै काम हुन्छ वा गर्न सकिन्छ भनेर हुन लागेको होईन । केही थान सिट जितेर हामी यसो, त्यसो गर्छौं भन्ने खालका झुठ्ठा आश्वासनहरु हामीसंग छैनन् । देशको इतिहास हेर्दा हाम्रो एउटै निष्कर्ष छ कि दलियताको मोडेलमा आधारित कथित प्रजातन्त्र/लोकतन्त्रका जति पनि नाटकहरु प्रदर्शन भए र हुँदै आएका छन्, ती सबै विदेशी साम्राज्यवादीहरुको काम गराउनका लागि तिनैहरुले गराएका नेपाल विरोधि मिशनका कडिहरु मात्र हुन् ।

नेपाल मात्र होईन, संसारभरिका जागरुक मानिसहरु अहिले गुलामी र विदेशी दलालहरुसंगको संघर्षमा होमिएका छन् । नेपालको मूल प्रश्न ध्रुविकरणकै हो । कमजोर हुँदै गएका साम्राज्यवादीहरुले कमजोर बनाईएका नेपाल जस्ता देशहरुमा आफ्नो पकड कायम राख्न हत्याहिंसा, लुटपाट, आगजनी गराएर क्रान्तिको भेषमा नयाँ जोगीहरु स्थापित गर्ने योजनामा लागेका छन् । २०४७ सालको लुटपाट देखि ०८२ सालको 'जेनजी विद्रोह'का नाममा गराईएको आगजनी, लुटपाट र हत्याका घटनाहरुको सार एउटै छ । त्यो हो- दलालहरुका बिचमा नक्कली मतभेद देखाएर नेपाललाई अस्थिर, कमजोर र अझ पराधिन बनाउँदै जाने ।

देशको संकटको समाधान यो ब्यक्ति कि त्यो ब्यक्ति, पुराना दल कि नयाँ दल, बुढो पुस्ता कि नयाँ पुस्ता भन्ने कुरासंग जोडिएको छैन । यो दृष्टिकोण, विचार, मूल्य-मान्यता र राज्य प्रणालीको नव-औपनिवेशिक गुलामीसंग जोडिएको छ । जुन ब्यक्ति, दल वा पुस्तामा स्वदेशी दृष्टिकोण, विचार, मूल्य-मान्यता सहित स्पष्ट दिशा छ र नेपालीहरुले भोलिरहेका मूलभूत समस्याहरु बुझेको छ, त्यसले मात्र समाधानको बाटो दिन सक्छ । दृष्टिकोण, विचार र सही दिशा सहितको शक्ति नै अबको लडाईंको नेतृत्वकर्ता हो । लामो समयदेखि यी मान्यताहरुमा अडिएर आफ्नो आवाज उठाउँदै आएको शक्ति त्रिमूल नेपाल मात्र हो ।

**यो विदेशीले बक्सीस दिएको अपराधि व्यवस्था हो** !

नेपालमा जति पनि प्रजातान्त्रिक वा लोकतान्त्रिक आन्दोलनका प्रहसनहरु भएका छन्, ती कुनैको उत्थान र समापनको नाभी नेपालमा छैन । यी सबै विदेशी शक्तिहरुले उठाए र तिनैले टुंग्याए । २००७ साल, २०४६ साल, पुष्पकमल-बाबुरामको युद्ध, बाह्र बुँदे समझदी, त्यसलाई लागु गर्न गरिएको ०६१/०६२ को आन्दोलनको प्रहसन, 'जेनजी' आवरणमा गरिएको विध्वंश सबै प्रायोजित घटनाहरु हुन् । त्यसैले प्रत्येक कथित् परिवर्नपछि देश झन् गहिरो संकटमा फस्दै गएको छ ।

आलोपालो सत्तामा जो लगिन्छन्, ती सबै विदेशीहरुले दिने जागिर हुन् । यो व्यवस्था विदेशीहरुले आफ्नो काम गराउन भाडामा प्रयोग गरेका अपराधिहरु दलालहरुलाई बक्सीस दिरएको अपराधि व्यवस्था हो । त्यसैले यो व्यवस्थाभित्र देशको सार्वभौमिकता, अखण्डता, विकास, रोजगारी, विदेश पलायन, शिक्षा, स्वास्थ्य जस्ता संवेदनशिल विषयहरुमा कहिल्यै छलफल भएन । आफ्नो काम गराउन जुन शक्तिले दलालहरुलाई व्यवस्था बक्सिस दिएको हुन्छ, सबै काम त्यसैको हुनु स्वाभाविक छ ।

**यो व्यवस्था देश बेचुवा, हत्यारा, लुटेरा र देश जलाउनेहरूको गुँड हो** !

प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताका फुलबुट्टा भरेर यो व्यवस्थालाई देश बेचुवा, हत्यारा, लुटेरा र देश जलाउनेहरुको गुँडका रुपमा उपयोग गरिएको छ । यसले अपराधिहरुलाई संरक्षण दिने र सर्वसाधारणलाई प्रताडित गर्ने गर्दैआएको छ । विदेशीका लागि काम गर्ने क्रुर अपराधिहरुलाई कुनै कानूनले छोएको हामीले देखेनौं । बरु यस्ता घटनाका मतियार अपराधिहरुलाई नायकका रुपमा प्रस्तुत गरेर सत्तामा स्थापित गरिएको छ । यहाँ दासढुंगा, दरबार हत्याकाण्ड, पुष्पकमल-बाबुरामको ईण्डो-पश्चिमा युद्ध, मधेश 'विद्रोह', टीकापुर हत्याकाण्ड, जेनजी 'विद्रोह'का बहानामा विदेशी साम्राज्यवादीहरुको आदेश बमोजिम सुनियोजित रुपमा हजारौं देशभक्त सपुत र निर्दोष नेपालीहरु मारिए तर कुनै पनि घटनाको छानबिन गरिएन र कसैलाई पनि जिम्मेवार बनाईएन । नेपाल, नेपाली लुट्नेहरु कोहि दण्डित

भएनन् । बरु यस्ता अपराधिहरुलाई पुरष्कृत गरेर विदेशी शक्तिले सत्तामा बसायो ।

यो व्यवस्थाले स्वाधिनता बेच्यो । सबै नदिनाला बेच्यो । भूमी बेच्यो । सभ्यता र संस्कृतिहरु बेच्यो । मौलिकता बेच्यो । देशका सबै सूचनाहरु बेच्यो । नागरिकता बेच्यो । वैदेशिक रोजगारिका बहानामा नागरिकहरु बेच्यो । नैतिकता बेच्यो । कर्तब्य बेच्यो । इमान्दारिता बेच्यो । शिक्षा/स्वास्थ्य र अर्थतन्त्र बेच्यो । विदेश नीति बेच्यो । हुँदाहुँदा अमेरिकाको एमसीसी परियोजनामा अमेरिकी कानून लाग्ने संझौता गरेर कानून पनि बेच्यो ।

## **यो विदेशीले लेखेर दिएको देश र नागरिक विरोधि संविधान हो** !

यो देश विरोधि संविधान यहाँका दलालहरुले लेखेको होईन । यसका सामेल गरिएका एजेन्डाहरुमा नेपालीहरुको राय लिने त कुरै छाडौं दलहरुभित्र र संसदमा पनि बुँदागत् रुपमा छलफल गरिएको थिएन । यो संविधानमा सांसद नभएका बाहिरका मानिसहरु संसदभित्र पसेर मतदान गरेको अवस्थामा त्यो सदर हुने प्रावधान राखेर देश बेचि दिन सक्ने सम्मका षडयन्त्रहरु गरिएका छन् । यसमा मतदाताहरुलाई प्रत्याह्वान गर्ने, अस्विकार गर्ने र विकल्प दर्ता गर्न अधिकार पनि दिईएको छैन ।

नेपालीहरुलाई छल्न र अल्मल्याउन  यसमा राखिएका एकाध विषयहरु पनि कार्यान्वयन गरिएको छैन । संविधानमा शिक्षा र स्वास्थ्यलाई निशुल्क गर्ने भनिएको छ तर ब्यबहारमा छैन । यसमा नागरिक सर्वोच्चताको कुरा गरिएको छ तर नागरिकहरुको हालत के छ भन्ने कुरा हामी सबैले भोगिरहेका छौं । यसमा राखिएका सबै प्रावधानहरु नेपालीहरुलाई जात/जाति, धर्म, लिङ्ग, क्षेत्रका अदिका नाममा स्थायी रुपले विभाजित गर्ने र लडाउने सिद्धान्तमा आधारित रहेका छन् ।

## **“बाह्र बुँदे” र “जेनजी”  कारखानाको उत्पादन एउटै हो** !

२०६२ साल मंसीर ७ गते इण्डियाको राजधानी दिल्लीमा विदेशीहरुले गराएको ‘बाह्र बुँदे समझदारी’बाट सत्तामा लगिएका दलालहरु र २०८२ साल

भदौ २४ गतेदेखि विदेशीहरुले गराएका तोडफोड, आगजनी, लुटपाटबाट 'जेनजी विद्रोह'का नाममा उठाईएका दलालहरु एउटै हुन् । दुबै थरिका अपराधिहरुले देशमाथी हमला गरेका छन् । दुबैका मूल्य-मान्यता र नीतिहरु एउटै छन् । विदेशीहरुले एकअर्कालाई गाली गर्न लगाएर नेपालीहरुलाई अल्मल्याउन खोजिरहेका छन् ।

दासढुंगा, दरबार हत्याकाण्ड जस्ता जघन्य हत्याका योजनाकारहरु को हुन् भन्ने कुरामा यिनीहरु सबै चुप छन् । देशमा चलिरहेको नांगो विदेशी नाँचबारे मौनतामा एक छन् ! नेपाललाई कंगाल बनाउन गरिएको निजीकरण नामको लुटको अपराधिक मिशन बारेको मौनतामा यीनीहरु एक छन् ! स्वदेशी उद्यमी, ब्यापारी, कृषकलाई उँभो लाग्न नदिने षडयन्त्र र सुनियोजित रुपमा विदेश लखेटिएका नेपालीहरुलाई फिर्ता ल्याएर रोजगारीमा लगाउने प्रश्नमा यीनीहरु कोहि बोल्दैनन् !

देश विकासको ठोस खाका प्रस्तुत नगर्ने षडयन्त्रमा एक ! खुला सिमाना बन्द नगर्ने कुरामा एक ! ईण्डियाले लुटेको भूमी फिर्ता ल्याउने पहल नगर्ने कुरामा एक ! देशका सभ्यता, संस्कृति, परिवार, समाज र परम्परागत् मूल्यमान्यताहरु विध्वंश गरिरहेका विदेशी एनजिओ, आएनजिओ र पश्चिमा मिशनरीहरुको धर्मान्तरणका अपराधहरु बारेको मौनतामा एक ! विदेशी दलालीमा एक ! नेपालीहरुको हत्या र देशको विध्वंश गर्ने अपराधमा गर्व गर्ने निच संस्कारमा एक !

सबैको लोकतन्त्र यही ! सबैको उत्तम व्यवस्था यही ! सबैको उत्कृष्ट संविधान यही ! संविधानमा स्थापित गरिएका देश विरोधि एजेण्डाहरु सबैका लागि अग्रगामी ! एमसीसी सबैका लागि ठिक ! नेपाललाई विदेशी भूमीमा परिणत गर्न बनाईएको 'जन्मका आधारको नागरिकता' प्रति सबैको समर्थन ! देश लुट्ने र नेपालीहरुको सम्पत्ति ठग्ने कुरामा एक ! नेपाल भाँड्ने विदेशी शक्तिहरुको नाम नलिने प्रश्नमा सबै एक ! मालिकको चाकरी उस्तै ! दानापानी हाल्ने मालिक सबैको एउटै !

**प्रायोजित आन्दोलनहरू नेपालीहरूका लागि भएका हुन् भन्ने प्रचार झुठ !**

२००७ सालको कथित् प्रजातन्त्र ईण्डियन प्रधानमन्त्री जवाहरलाल नेहरुले कांग्रेसलाई मोहन शम्शेरको सरकारमा सामेल गराएको घटना मात्र हो । २०४६ सालको कथित् आन्दोलन चन्द्रशेखरको नेतृत्वमा ९ जना ईण्डयन नेताहरु काठमाण्डौंमा आएर राजा वीरेन्द्रका विरुद्धमा सडकमा उत्रन आह्वान गरेपछि सुरु भएको थियो । पुष्पकमल-बाबुरामको युद्ध नेपालमाथिको ईण्डो-पश्चिमा हमला थियो । २०६२ मंसीर ७ गते दिल्लीमा बसेर गरिएको' १२ बुँदे समझदारी' ईण्डियन सत्ताले लेखेर दिएको कागजमा गरिएको हस्ताक्षर मात्र हो । कथित जेनजी विद्रोह अमेरिकनहरुको लगानीमा ५ बर्षभन्दा बढी समयको तयारिपछि गराईएको हमला हो भन्ने कुराको तथ्य हमला गराउनेहरुले तयार पारेका दस्तावेजहरुले सार्वजनिक गरिसकेका छन् । नेपाली माटोमा टेकेर कुनै 'आन्दोलन' भएका छैनन् ।

कथित् आन्दोलनहरुले गर्ने परिवर्तनपछि नेपालको विकास हुँदै जानु पर्ने हो, स्थिरता आउनु पर्ने हो र नेपालीहरुको जिन्दगी उँभो लाग्दै जानु पर्ने हो तर प्रत्येक पछिल्ला परिवर्तनहरुले अघिल्ला परिवर्तनहरु भन्दा ठूलो संकट किन सिर्जना गर्छन् ? किन झन् पछि झन्  देश कमजोर हुँदै जान्छ र नेपालीहरु घरमा बस्नै नसकि विदेशिनु पर्छ ? यसको कारण खोजी गर्न जरुरी छ ।

यसको एक मात्र कारण हो-कथित् आन्दोलन र परिवर्तनहरु विदेशी शक्तिहरुको निहित स्वार्थमा आधारित योजनामा चल्नु । यसैकारणले परिवर्तनका प्रत्येक नाटकहरुपछि बन्ने सरकारहरु विदेशी एजेन्डाहरुमा काम गर्ने कुरामा केन्द्रित हुन्छन् । २००७ साल देखि वर्तमान सरकारसम्म कसैको मन्त्रीमण्डलमा देश र जनतासंग जोडिएका मुद्दामा छलफलहरु भएका छैनन् । नेपालीहरुलाई झुक्याउन विदेशीहरुले सबै रुपरंगका दलालहरुलाई एउटै काम गर्न लगाएका छन् । त्यो हो- सरकारमा व्यक्तिको अनुहार बदल्ने, पार्टी बदल्ने, बद्नाम भएको व्यवस्थाको नाम बदल्ने तर आयातित सिद्धान्तहरु, थोपरिएको व्यवस्था र राज्यको गुलामीलाई कायम राख्न गरिएका संधि-संझौताहरु यथावत् राख्ने । दलालहरुले गर्दै आएको क्रान्ति यही हो ।

## आमा नभए सन्तान् हुँदैनन्, राष्ट्र नभए नागरिक हुँदैनन् !

राष्ट्र धर्म, कूल धर्म र मानवीय धर्म सबै भन्दा श्रेष्ठ धर्म हुन् । जसरी आमा विना सन्तानको कल्पना गर्न सकिंदैन, त्यसैगरी राष्ट्र विना नागरिकहरुको कल्पना गर्न सकिंदैन । आमा नभएको मानिस टुहुरो भएझैं आफ्नो उत्पत्तिको थलो नभएको मानिस जीवनभरी शरणार्थी हुन्छ । नागरिक बन्नका लागी राष्ट्र हुन आवश्यक हुन्छ । त्यसैले एउटा मानिसका लागी देशभक्ति सबै भन्दा ठूलो धर्म हुन्छ । माटोप्रति आस्था र देशभक्ति नभएको मानिस पिशाच हो । अहिले नेपालको अस्तित्व समाप्त पार्ने उद्देश्यले जुन संकट उत्पन्न गरिएको छ , यसका सामना गर्नु नेपाल आमाका प्रत्येक सन्तानहरुको धर्म हो ।

## त्रिमूल नेपालका आधारभूत दृष्टिकोणहरू

हामीले आजसम्म प्रयोग गरेका सबै विचारधाराहरु युरोप र अमेरिकालाई हेरेर विकास गरिएका हुन् । यी विचारले नेपाल चिन्दैनन्, नेपाली विशेषतासंग मिल्दैनन् । देशमा संकट उत्पन्न गर्ने मूल कारणहरु यीनै हुन् । संकटको जरो नचिनेर समाधान खोज्न सकिंदैन । अतः 'त्रिमूल नेपाल'ले देशको जलवायू, माटोको बनोट, प्राकृतिक श्रोतहरु, सामाजिक संबन्ध, सभ्यता/संस्कृतिहरु, परम्परागत् मूल्यहरु, देशको संप्रभूता, अखण्डता र राष्ट्रिय हितलाई सर्वोपरि राखेर स्वदेशी विचारहरुको विकास गर्ने कुराको पक्षपोषण गरेको छ ।

नेपाल राष्ट्रको निर्माण र यहाँका सभ्यता/संस्कृति एवं परम्परागत् सामाजिक मूल्यहरुको विकास यो भूमीका सबै मानसहरुका बीचको सद्भाव, समन्वय, सहकार्यको भावनाबाट संभव भएको हो । राष्ट्र निर्माणका लागी हामीले निषेध, द्वन्दमा आधारित विदेशी विचारधारालाई छोड्न जरुरी छ । हाम्रो देश यहाँका प्राचीन सभ्यता र संस्कृतिहरुले बनाएको देश हो । अब विदेशी विचार र मान्यताहरुलाई पूरै परित्याग गरी सभ्यता राष्ट्र निर्माणको बाटोमा लाग्नु हाम्रा अगाडिको आजको मूल प्रश्न हो ।

हाम्रा जगहरू : राष्ट्र पहिलो ! पुनर्जागरण आन्दोलन ! युगान्तकारी परिवर्तन !

आयातित विचार र दलाल राज्य व्यवस्थाले राष्ट्र मारेका छन् र राष्ट्रभन्दा माथी राजनीतिक शक्तिहरुलाई राखेका छन् । यो आयातित घातक मान्यतालाई तोडेर हामीले 'राष्ट्र पहिलो' भन्ने मान्यताका आधारमा राजनीतिक लडाईंलाई संगठित गर्न आवश्यक छ। राष्ट्र भन्दा माथी संविधान वा कुनै राजनीतिक शक्ति रहने मान्यतालाई अस्विकार गर्नु पर्दछ।

हामीले विदेशी शिक्षा र व्यवस्था प्रणालीको दुष्प्रभावमा परेर आफ्ना मौलिक दृष्टिकोण, विचार, मूल्य-मान्यता र आफ्ना जीवन पद्धतीहरु गुमाएका छौं । त्यसैले हामी नेपालीहरु विदेशीहरुको मुख ताक्ने गुलाममा परिणत भएका छौं । यो अवस्थाको अन्त्य गर्नका लागी हामीले हाम्रो देश, समाज र स्वयं आफुलाई चिन्ने 'पुनर्जागरण'को बाटोमा लाग्नु पर्दछ।

नेपालको संकट राष्ट्रिय संकटका रुपमा विकास भएको छ । विदेशी साम्राज्यवादी र तीनले पालेका देशद्रोहीहरुले राष्ट्रको अस्तित्वमाथी चुनौतीहरु खडा गरेका छन्। यो संकटको नाभी किर्ते सुगौली-सन्धिमा जोडिएको छ। उक्त सन्धिपछि थोपरिएका असमान, अपमानजनक 'नव-औपनिवेशिक' बन्धनहरू खारेज नगरी राज्य प्रणाली स्वाधिन हुँदैन।

यीनै तीन वटा मूल समस्याहरुको स्थायी समाधानका लागी अगाडी बढ्ने निष्कर्षका आधारमा दलको नाम 'त्रिमूल नेपाल' रहेको छ । अर्थात् यी तीनवटा मूल समस्याहरुको जगमा उभिएर त्यसको वास्तविक समाधान खोज्ने बाटोले मात्र देशको संकटको निकास खोज्न सक्छ भन्ने 'त्रिमूल नेपाल'को मान्यता रहेको छ। यो 'त्रिमूल नेपाल'को संकल्प हो।

## त्रिमूल नेपालका केही महत्वपूर्ण नीतिहरू

१. निशुल्क स्वास्थ्य, शिक्षा र खानेपानी नीति। सिमानाको रक्षा, आगलागी र बाढी पहिरो जस्ता प्राकृतिक एवं मानवीय विपत्तिहरुबाट सुरक्षा, अपराधिक तत्वहरुबाट व्यक्ति वा सम्पत्तिको सुरक्षा जस्ता क्षेत्रमा सकृय भूमिका खेल्न सक्ने गरी नागरिकहरुलाई सुरक्षा प्रणालीमा जोडेर लैजाने सुरक्षा नीति। राष्ट्रिय हित, नागरिक हित र बाह्य देशहरुको ब्यबहार अनुसार फरकफरक देशहरुसंग फरक प्रकारको सम्बन्ध कायम गर्ने बहु-खम्बे विदेश नीति।

२. राज्य संरक्षित स्वदेशी अर्थतन्त्रको विकास । मानवीय एवं प्राकृतिक श्रोत-साधनहरुको निर्यातमा रोक । जलवायू र माटो अनुसारको क्षेत्रगत् विकासको नीति । राष्ट्रिय बजेटको न्यूनतम् ६०% हिस्सा विकास तथा निर्माणमा लगानी । विदेशीहरुले सञ्चालन गरेका सबै प्रकारका गैर-सरकारी संगठनहरुको खारेजी । अनाथ र असहाय बृद्धबृद्धा तथा बालबालिकाहरुको भरणपोषण, शिक्षा/दिक्षा र संरक्षणको दायित्व अनिवार्य रुपमा राज्यले लिनु पर्ने नीति ।

## त्रिमूल नेपालका तात्कालिक मुद्दाहरू

३. ईण्डो-पश्चिमा साम्राज्यवादीहरुको रणनीतिका रुपमा दिल्लीको सत्ताले २०६२ साल मंसीर ७ गते ८ दलका बीचमा गराएको कथित् 'बाह्र बुँदे सहमति' र त्यसपछि लागु गरिएका संपूर्ण ब्यवस्थाहरु खारेज गर्नु पर्दछ ।

४. पञ्चायतकाल देखिका भ्रष्टाचारीहरुको सम्पत्ती रोक्का गरी छानबिन गर्ने र भ्रष्टाचार ठहर भएको सम्पत्ती जफत् गरी अपराधिहरुलाई कसुर अनुसार आजिवन श्रम काराबास र मृत्यदण्डको सजाय दिनु पर्दछ ।

५. नेपालमा अपराध र जनसंख्या अतिक्रमणको श्रोतका रुपमा रहेको ईण्डियासंगको खुला सिमाना विनासर्त तत्कालै बन्द गर्नु पर्दछ ।

६. देशभित्रको रोजगारीमा नेपाली नागरिकहरुको अग्राधिकारलाई कानूनी रुपमा सुनिश्चत गर्नु पर्दछ ।

७. स्थानिय समुदायलाई आत्म-निर्भर र अधिकार सम्पन्न बनाउनका लागि अर्थतन्त्रको मूख्य ढाँचा समुदाय केन्द्रित बनाएर सामुदायिक अर्थतन्त्रको विकास गर्नु पर्दछ ।

८. निर्यात् बाहेकको कृषिजन्य उत्पादनलाई कर मुक्त गरेर उत्पादनमा अनुदान, उत्पादकहरुको संलग्नतामा उचित मूल्य निर्धारण, बजारको सुनिश्चतता र उत्पादनको सुरक्षाका लागी भण्डारणको व्यवस्था गर्नु पर्दछ ।

९. वित्तिय क्षेत्रबाट हुँदै आएको स्वेच्छाचारी लुट र सम्पत्ति हरणको समस्यालाई रोक्नका लागी जनहितको पक्षमा नयाँ लगानी नीति, धितो

नीति र न्युनतम् ब्याजदर कायम गर्ने गरी वित्तिय नीति बनाउनु पर्दछ ।

१०. राजनीति गर्ने व्यक्तिहरु, राज्यका सबै निकायमा काम गर्ने कर्मचारीहरु, विभिन्न विषयका विज्ञहरु सबैका लागि योग्यताका मापदण्ड र तिनीहरुले पालना गर्नु पर्ने आचार-संहिताहरु बनाउनु पर्दछ ।

११. राजनीतिलाई स्वयंसेवाको विषय बनाएर मन्त्री, सांसद वा संसद अन्तर्गतका निकायहरुमा रहेर काम गर्ने ब्यक्तिहरुको तलवभत्ता खारेज गरी कामका दौरानमा लाग्ने खर्च मात्र राज्यले बहन गर्ने नीति बनाएर राजनीतिक नियुक्तिबाट अवकाश लिएकाहरुलाई दिईंदै आएको सेवासुविधा पूर्ण रुपमा खारेज गर्नु पर्दछ ।

१२. समूहपिच्छेका पेशागत् संगठनहरु खारेज गरी सबै क्षेत्रमा एउटा सरकारी पेशागत् संगठनहरु निर्माण गर्ने नीति बनाउनु पर्दछ ।

## रणनीतिक रूपमा समाधानका गर्नु पर्ने समस्याहरू

१३. दासढुंगा हत्या काण्ड, दरबार हत्या काण्ड, माओवादी युद्धका बहानामा भएका हत्याहरु लगायत् निर्दोष देशभक्त नेपालीहरुमाथि भएका जघन्य हमलाहरुको छानबिन गरी अपराधिहरुलाई दण्डत गर्नु पर्दछ ।

१४.जनसंख्या अतिक्रमणको भू-राजनीतिक रणनीति अन्तर्गत् कथित् जन्मको आधारमा दिईएका, पैसामा बेचिएका वा विदेशी प्रभावमा अंगिकृतका नाममा दिईएका नागरिकताहरु खारेज गरी बंशज र अंगिकृत नागरिकता मात्र राख्ने र अंगिकृत नागरिकताका लागी ठोस मापदण्ड बनाएर नक्कली नागरिकता दिने अपराधिहरुलाई देशद्रोहको मुद्दामा कठोर दण्ड दिनु पर्दछ ।

१५.प्रजातन्त्रलाई नागरिकहरुको खुसी, सुखी, शान्त, समृद्ध र सुरक्षित जीवनका रुपमा परिभाषित गरेर देशको संप्रभुता, क्षेत्रीय अखण्डता, राष्ट्रिय हित तथा सभ्यता/संस्कृतिहरु एवं परम्परागत् सामाजिक मूल्यहरुको रक्षाको सुनिश्चतता हुने गरी शासन प्रणालीको स्वदेशी नमूना लागु गर्नु पर्दछ ।

१६. राष्ट्र निर्माणको प्रकृयालाई पूर्णता दिनका लागी देशमा भएका सबै

प्राचीन सभ्यता, संस्कृति, परम्परा, भाषा, जीवन पद्धतीहरुको खोज, अनुसन्धान, विकास र संरक्षणका लागी तत्संबन्धि विश्वविद्यालयहरुको स्थापना गर्नु पर्दछ ।

१७. किर्ते सुगौली-सन्धिपछि सुरु भएको राज्यको नव-औपनिवेशिक दासत्वको अन्त्य गरेर देशलाई स्वाधिन बनाउनका लागी देशको सार्वभौमिकता, क्षेत्रीय अखण्डता, राष्ट्रिय हित, मौलिकता र नागरिकहरुका हकहितमा आँच आउने गरी कुनै देश वा देशहरु वा बहु-राष्ट्रिय कम्पनीहरुसंग गरिएका सबै प्रकारका सन्धि-सम्झौताहरु विनासर्त खारेज गर्नु पर्दछ ।

१८. दलियता भनेको विभाजन, द्वेष र शक्तिको अभिष्टसंग जोडिएको पशिचमा प्रणाली हो । यसले आज पशिचमा सभ्यतालाई नै विघटन गर्दैछ । राष्ट्र निर्माण, सभ्यता/संस्कृति र मूल्यहरुको संरक्षण तथा आर्थिक विकासका मुद्दाहरुमा निर्वाचन हुनु पर्दछ । यसका लागि दलिय प्रणालीको अन्त्य जरुरी छ ।

१९. कानूनी कुरालाई आधार बनाएर हामीले देशको परिभाषा खोज्ने गल्ती गर्दै आएका छौं । देश भनेको सभ्यता, संस्कृति र परम्परागत मूल्यहरु सहितको एकिकृत समाज हो । सभ्यता, संस्कृति र परम्परागत मूल्यहरु भित्र आर्थिक, राजनीतिक, सामाजिक, प्राकृतिक, नैतिक, मनोबैज्ञानिक सबै आयामहरु समेटिन्छन् । त्यसैले देशको रक्षा, पहिचान र यसको मौलिकताको बचाउ गर्न यहाँका सभ्यता, संस्कृति र परम्परागत मूल्यहरुमा आँच आउने गरी नीतिहरु बनाउने कुरालाई पूर्ण रुपमा निषेध गर्नु पर्दछ ।

२०. एउटा घरमा दश जना घरमूली भएर घर चल्दैन । सौर्य मण्डलमा ग्रहहरुका दश वटा केन्द्रहरु छैनन् । पाँच/पाँच बर्षमा राष्ट्र प्रमूखहरु बदल्ने र त्यसमा पनि त्यो दल अनुसारको गुण्डा हुने र त्यसले दलका एजेन्डाहरु बोक्ने विधिले देश सँधै अस्थिर र अराजकताको शिकार बन्छ । निश्चत योग्यता, मापदण्ड र आचार-संहिता सहित राष्ट्र प्रमूख आजिवन रहने व्यवस्थामा जानु पर्दछ ।

के 'बाह्र बुँदे' सहमति र 'जेनजी' विद्रोहको बहानामा नेता बनाईएका कुनै पनि दलालहरुले यी समस्याहरुको समाधानको कुरा गर्छन् ? के कुनै पनि दलालहरुका बिचमा यी विषयहरुमा कुनै भिन्नता छ ? जब देशलाई दुर्गतितिर धकेलेका यी समस्याहरुको समाधान विना निकासको बाटो खुल्दैन र यी समस्याहरुका बारेमा कुनै पनि दलालहरु बोल्दैनन् भने यिनीहरुका वरिपरि घुम्नुको अर्थ के ? उहि सोंच, उहि चरित्र, उहि उद्देश्य बोकाएर विदेशीहरुले थापेका रंगिविरंगी ढडियाहरुमा नफस्नुहोस् !

आउनुहोस् ! राष्ट्र निर्माणको महान संकल्पमा जुटौं ! गुमेको आत्मविश्वास जगाऔं ! स्वर्ग जस्तो हाम्रो देशलाई विषालु नंग्राले कोपरेर क्षतविक्षत बनाउने साम्राज्यवादी शक्तिहरु र तिनले भाडामा प्रयोग गरेका देशद्रोही लुटेरा अपराधिहरुको अवशेष नेपाली धर्तीबाट सदाका लागी समाप्त पारौं ! जित देशकै हुनेछ, देशभक्तहरुले नै जित्नेछन् ! देशद्रोहिहरुसंग लड्नका लागी कित्ताबन्दी आजको जरुरी आवश्यकता हो । देशभक्तहरुले आफ्नो कित्ता छुट्टयाउनका लागि ओदान चिन्हमा मतदान गरौं !

**प्रतिकूलतासंग जुध्नेहरुको इतिहास लेखिन्छ !**

**दासत्वसंग झुक्नेहरुको अस्तित्व मेटिन्छ !**


सम्पर्क नं.: ०१-५२००६४५/९८६६२९०३४१

काठमाडौं, नेपाल